# मधेशी आयोग

## ज्वागल, ललितपुर

फोन नं: ०१-५२६९१८५
टोलफ्रि नं: १६६००११६१८५


मिति : २०८०।०८।०१

# प्रेस बिज्ञप्ति

## छठ/छईठ पर्वको हार्दिक शुभकामना अर्पण !

नेपाल अनादीकाल देखि नै सनातन संस्कृतिको मुख्य स्थल र मुहान हो । जहाँ सत्य अहिंसा, दया, क्षमा, दान, जप, तप, यम, नियम, योग, ध्यान, जागरण एकनिष्टता, संहिताका मार्गबाट **"जीवस्य जीवो जीवनम्"** को ज्ञान, विज्ञान, संज्ञान र मनोविज्ञान पुरित र लक्षित भएका छन् ।
यस पवित्र भुगोल र हिमवत् श्रृङखलामा विभिन्न पर्व-तिहार आयोजना हुने गर्दछ र गर्ने गर्दछ। जहाँ परिवार त्यहीं तिहार र जहाँ तिहार त्यहीँ परिवारको मनोवैज्ञानिक महत्त्वलाई शिरोधार्यगरि यी पर्वहरु मनाउने गर्छ ।

दशै, दिपावली पर्वसँगै नेपालको तराई-मधेशको मुख्य भु-भागमा कार्तिक शुक्ल षष्ठिको तिथिमा छठि/छईठ पर्व मनाइन्छ । यो लोक संस्कृतिको महापर्व रहेको छ । यस पर्वले सामाजिकता, सांस्कृतिकता, धार्मिकता, अध्यात्मिकता र वैज्ञानिकताको मुल मर्म, कर्म, धर्मलाई अंगिकार गरेको छ । सामाजिक अनुशासनको कसिलो कसमा बांधिएको यो पर्व नैतिकताको आधारमा ऋषि कर्म र कृषि कर्मलाई अक्षरशः अंगिकार गरेको छ । सामाजिक, भौगोलिक र सांस्कृतिक एकताका आधारस्तम्भ बनेको यो छईठ पर्वमा साम्यवादी स्वरुप प्रस्तुत गरेको छ । समाजमा सबभन्दा आर्थिक र सामाजिक रुपमा पछाडि परेकाहरुको **"पूजा सामग्री"** व्यवस्थापन र आर्थिक सुदृढीकरण भएकाहरुको बीचमा कुनै फरक-अन्तर हुंदैन । सबै श्रद्धालु पायक पर्ने एउटै सरोवर, नदि, खोला, पोखरीमा **"पूजा-अर्चना"** गर्दछन् ।


Email: madheshicommission@gmail.com

# मधेशी आयोग

## ज्वागल, ललितपुर

फोन नं: ०१-५२६९१८५
टोलफ्रि नं: १६६००११६१८५

मधेशी आयोग
ज्वागल, ललितपुर

पुर्णतः धार्मिक र नैतिक अनुशासनको कसिमा कसिलोगरि कसिएका यो पर्व मुख्यतः चार दिने पर्व हो जसको प्रथम दिनमा "**नहाई-खाए**" [चोखो भई चोखो अन्न ग्रहण], दोस्रो दिन "खरना" [गुड/सक्खर हालेको खीर], तेस्रो दिन सन्ध्या अर्घ्य र चौथो दिन विहानको अर्घ्य अर्पण गरी त्यस पश्चात् "**पारण**" [ पार्वण] गरी समापन हुन्छ । यस प्रकार "**सूर्य पूजा**" को यो लौकिक महापर्व समापन हुन्छ ।
यो महापर्व अस्ताउदै सूर्य, उषा, प्रकृति, जल, वायु र उदाउँदो सूर्यकी वहिनी "**षष्ठीमात**" लाई समर्पित हुन्छ ।

यस पर्वको अवसरमा संघीय सरकारले राष्ट्रिय विदा दिने गरेको छ । जसबाट यो पर्वले राष्ट्रिय रुप र स्वरुप ग्रहण गरेको छ । सूर्य नै शक्ति र उर्जाको स्रोत हुन भने प्रमाणिकता रामायणकाल देखि नै "**विदेह सभ्यता**" मा रहेको छ । लंका विजय पछि जननी जगदम्बा सीताजीले रावणवधबाट त्राण पाउन ऋषि गौतमको सल्लाह अनुसार "**सूर्य पूजा**" गरेकी थिइन भने महाभारतकालीन समयमा "**अज्ञातवास**" लाई सफल वनाउन द्रोपदीले "**सूर्य पूजन**" गरेकी थिइन् ।
यसप्रकार बहुआयामिक महत्त्व र अस्तित्व बोकेको यो पर्व नेपाल र नेपालीलाई सुख, समृद्धि, शान्ति, सह-अस्तित्व, समभाव, समरस र समत्व प्रदान गरोस् ।
हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु ।

V.K. Datta

डा. विजयकुमार दत्त
(अध्यक्ष)
मधेशी आयोग, नेपाल